# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. युवराज खतिवडा सुदूर पश्चिमाञ्चल भ्रमणमा



गभर्नर डा. युवराज खतिवडाले कार्तिकको चौथो साता बैंकको धनगढी कार्यालयको स्थलगत अवलोकन गर्नुका साथै सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको स्थलगत भ्रमण गर्नुभयो । भ्रमणका क्रममा गभर्नर डा. खतिवडाले कार्तिक २१ गते महेन्द्रनगर, २२ गते डडेलधुरा, २३ गते डोटी सिलगढी र २४ गते धनगढीमा आयोजना गरिएको बैंक वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी, व्यापारी र विभिन्न क्षेत्रका पेशाकर्मीहरुबीचको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नु भएको थियो । अन्तरक्रियाका क्रममा विभिन्न क्षेत्रबाट उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्दै गभर्नर डा. खतिवडाले बैंक तथा वित्तीय संस्थाहरुले कृषि क्षेत्रमा लगानी बढाउन, परम्परागत ढंगले धितोमा आधारित कर्जा मात्र प्रवाह नगरी परियोजनाको संभाव्यतालाई समेत ध्यानमा राखी केही जोखिम लिएर भएपनि कृषिकर्जा प्रवाह गर्दै साना तथा मझौला उद्योगको प्रवर्द्धनमा योगदान पुऱ्याउन वित्तीय क्षेत्रलाई सुझाब दिनु भएको थियो । सुदूर पश्चिमले कृषि, वन र पर्यटनका माध्यमबाट अपार लाभ लिने संभावना रहेको जानकारी दिदैं गभर्नर डा. खतिवडाले त्यसका लागि बैंकिङ क्षेत्र र व्यावसायिक क्षेत्रका बीच सहकार्य हुनु आवश्यक रहेको तथ्यमा जोड दिनुभएको थियो ।

वित्तीय समावेशिता, वित्तीय अनुशासन, सुदृढ आन्तरिक नियन्त्रण प्रणाली र चुस्त एवं दुरुस्त लेखापालन तथा लेखा परीक्षणका माध्यमबाट मात्र वित्तीय क्षेत्रले ग्राहकको विश्वास हासिल गर्न सक्ने र यसैको माध्यमबाट वित्तीय स्थायित्व कायम गर्न समेत योगदान पुग्नेतर्फ जोड दिँदै गभर्नर डा. खतिवडाले बैंकिङ जगतमा कार्यरत सबैमा भावी पुस्ताका लागि सवल एवं सक्षम बैंकिङ प्रणाली सुनिश्चित गर्ने सोच विकास हुनुपर्ने बताउनु भयो ।

भ्रमणका क्रममा गभर्नर डा. खतिवडाले दिपायल, डोटीमा महालेखा परीक्षकको कार्यालयले आयोजना गरेको लेखा परीक्षण सम्बन्धी सुदूर पश्चिमाञ्चल स्तरीय क्षेत्रीय अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै अन्तर्राष्ट्रिय दातृ निकायहरूले सहायता स्वीकृति र भुक्तानी दिँदा लेखापरीक्षणको प्रतिवेदनलाई पनि आधार मान्ने गरेको, गैर सरकारी संस्थाहरूले सहायता परिचालन गर्न पनि विश्वसनीय लेखापरीक्षण गराउनु पर्ने र निजी लगानीकर्ताहरुले पनि अन्य कुराका अतिरिक्त लेखामानको पालना र चुस्त एवं दुरुस्त लेखापरीक्षणको सुनिश्चिततामा पनि जोड दिने गरेकाले बाह्य लगानी आकर्षित गर्न समेत लेखापरीक्षणको महत्व बढ्दै गएको तथ्यमाथि प्रकाश पार्नुभएको थियो ।



भ्रमणका दौरान गभर्नर डा. खतिवडाले कैलालीको बूढीतोलास्थित बाखापालन फार्म, डोटीको बुडरमा रहेको किसान माइक्रो फाइनान्सको शाखा, धनगढीस्थित कैलाली बहुमुखी क्याम्पस र गेटा आँखा अस्पतालको अवलोकन गरी सम्बद्ध पदाधिकारीहरुसंग अन्तरक्रिया गर्नुका साथै गौरीफन्टास्थित नेपाल–भारत सीमा क्षेत्रको निरीक्षण भ्रमण गर्नुभएको थियो । अन्तरक्रिया एवम् भ्रमण कार्यक्रममा गभर्नर डा. खतिवडाका साथ धनगढी कार्यालयका ब्यबस्थापक डा. गुणाकर भट्ट पनि सहभागी हुनुहुन्थ्यो ।

२०७१।७।२६      **गभर्नरको कार्यालय**